# बार्षिक स्थिति प्रतिबेदन

## आ.व. २०८१ /०८२



## प्रदेश अस्पताल, चामे

## मनाङ

# अस्पताल प्रमुखको सन्देश

गण्डकी प्रदेशको मनाङ जिल्ला, चामे गाउँपालिका-४, माडामा अवस्थित **मनाङ अस्पताल**को आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी छु। यस प्रतिवेदनले विगत वर्षदेखि हालसम्मको अस्पतालको अवस्थाको मूल्याङ्कन गर्ने अवसर प्रदान गर्दछ ।१५ शैयाको रूपमा सञ्चालन हुँदै आएको यस अस्पताललाई हाल **२५ शैयाको अस्पतालमा स्तरउन्नति गरी विशेषज्ञ सेवा प्रदान गर्ने गरी** निर्माण तथा स्तरोन्नतिको कार्य अघि बढिरहेको छ । आ.व. २०८०/०८१ मा विद्यमान सेवाहरूलाई निरन्तरता दिनुका साथै **निम्न नयाँ सेवाहरू थप** गरिएका छन् । साथै, उपचारका लागि आउने बिरामीहरूको संख्यामा पनि वृद्धि भएको छ

- पहिलोपटक स्वास्थ्य बिमा सेवा सुरु गरिएको छ
- Hba1c, Vitamin D, थाइरोइद्को जाच थप गरिएको छ
- एकद्धार संकट व्यवस्थापन केन्द्रको सेवा निरन्तरता
- सुरक्षित गर्भपतन सेवाको निरन्तरता
- EMR system को पुन सुरुवात र ब्यबस्थापन .

**आर्थिक वर्ष २०८१ /०८२ मा हामीले यस अस्पतालको भवन निर्माणको कामलाई सम्पन्न गराइ नया भवनमा सेवा संचालन को सुरुवात गर्न सफल भएका छौ** ।यसैसंगे हाम्रा सेवा हरु अझ ब्यबस्थित गर्न सकेका छौ | **यसै वर्ष देखि स्वास्थ्य बिमा सेवा थप हुनाले यस आवमा बिरामीहरुलाई थप सहज हुने र बिरामीको चाप पनि बढ्ने आशा गरेका छौ |**

अस्पतालमा भएको Xray machine को संचालनका लागि रेडियोग्राफरको व्यवस्थापन गरि X-ray सेवालाई निरन्तरता दिइएको छ ।यस्तै अस्पतालमा हामीले OCMC कार्यक्रमलाई निरन्तरता दिएका छौ र OCMC केशको संख्यामा पनि वृद्धि भएको छ ।यस आर्थिक वर्षमा सुरक्षित गर्भपतन सेवा लिने संख्यामा पनि वृद्धि भएको छ । हामीले EMR SYSTEM को पुन सुरुवात यस मनाङ अस्पतालमा आ.व.२०८१ /०८२ मा गरेका छौँ र अस्पतालबाट प्रदान गरिएका सेवाहरुमा थप पारदर्शिता आएको छ ।

यस अस्पतालको सुधारको एजेण्डामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने माननीय सभासदहरु, असपताल व्यवस्थापन समितिका अध्यक्ष ज्यू लगायतका पदाधिकारीहरु, नागरिक समाज, स्थानिय जनप्रतिनिधिहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु प्रति आभार प्रकट गर्न चाहन्छु। अस्पतालको सेवा थप सुधार गर्दै अस्पतालको सेवामा निरन्तर खटिरहनु भएका सम्पूर्ण चिकित्सकहरु, स्वास्थ्यकर्मीहरु, प्रशासनिक कर्मचारीहरु तथा कार्यालय सहयोगीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा अस्पतालको व्यवस्थपान तथा संचालनमा उपल्लो निकायबाट समन्वयकारी भूमीका तथा सहयोग गर्नुहुने, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थपान केन्द्र, स्वास्थ्या कार्यालय मनाङ, चामेगाउँपालिकाको कार्यालय लगायत अन्य संघसंस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनहरुमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

डा. सुप्रिया पौड्याल
मे.सु.

**प्रतिवेदनको साराशः**

सिमान्तकृत, अल्पसंख्यक, पछाडि परेका जनसमुदाय, अति गरिब, गरिब, अपाङ्ग, जेष्ठ नागरिक सबैलाई स्वास्थ्य सेवाको सहज पहुँच उपलब्ध गराउनु सरकारी स्वास्थ्य संस्थाको प्रमुख दायित्व हो। त्यसै गरि सबै नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउनु अर्को दायित्व हो।यसै अनुरुप यस मनांग अस्पतालले जिल्ला को एक मात्र अस्पतालका रुपमा जिल्लाका बिरामीहरुलाई सेवा प्रदान गर्दै आएको छ.साथै भौगोलिक विकटताका कारणले सेवा अपर्याप्त स्वास्थ्य संस्थाहरुको प्रेसन केन्द्रका रुपमा समेत सेवा दिदै आएको छ |

विगत वर्षहरुको तथ्याङ्कको तुलना गर्दा यस जिल्ला अस्पतालबाट समग्र सेवा लिने विरामीहरुको संख्या केहि बृद्धि भएको देखिन्छ । बहिरङ्ग (OPD) विभागमा आ. ब. ०७९/८० मा २८३० र आ.व. ०८०/०८१ मा ३२५० जनाले र आ व ०८१/०८२ मा ३४१५ जनाले सेवा लिएको देखिन्छ भने अन्तरङ्ग (Inpatient) विभागमा सेवा लिने विरामीहरु आ.व. २०८१ /०८२ मा जम्मा ५२ जना देखिन्छ ।

अस्पातलको प्रयोगशाला सेवा लिने बिरामीको संख्या आ. ब २०८१ /०८२ मा ११४१ देखिन्छ । यो आ. ब मा X-ray सुविधा लिने विरामीको संख्या ४०७ जना रहेको देखिन्छ । यसैगरी ५५७ जना विरामीले आकस्मिक सेवा लिएको देखिन्छ । जस मध्ये महिला २०३ र पुरुष ३५४ रहेका छन । आ.ब. २०८१ /८२ मा सुरक्षित गर्भपतन तथा एकद्धार व्यवास्थापन केन्द्रबाट दिइने सेवालाई निरन्तरता दिइएको छ ।

आ.व. २०८१ /०८२ अस्पताल ब्यबस्थापन समितिको आम्दानीमा उल्लेख्य बृद्धि भएको छ | कुशल नेतृत्व तथा व्यवस्थापन, जनशक्तिको टिम, आवश्यक मेशिन तथा उपकरणहरु क्रमश उपलब्ध हुदै जानु, बजेटको उपलब्धता आदि कारणले यस मनाङ अस्पतालले क्रमश गुणस्तरिय सेवा प्रवाहमा सुधार गरिरहेको छ । प्रदेश स्वास्थ्य मन्त्रालय , गण्डकी प्रदेशबाट यो मनाङ अस्पताललाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन समय समयमा माननीय मन्त्रीज्यु , सचिब ज्यु , स्वास्थ्य निर्देशनालयका निर्देशकज्यु , मन्त्रालयका जनस्वास्थ्य तथा चिकित्सासेवा प्रमुख ज्यूको प्रत्यक्ष अनुगमन तथा निर्देशन प्राप्त हुदै आएको छ ।जसको प्रभावले अस्पताललाई चाहिने आवश्यक मेसिन तथा उपकरण औजार तथा सामग्रीको लागि बजेट व्यवस्था तथा त्यसको कार्यान्वयनको लागि समयमै सम्भव भएको छ । आगामी दिनहरुमा अस्पतालले आन्तरिक व्यवस्थापनको माध्यमबाट सेवामा थप गुणस्तर कायम गरि सेवाग्राही नागरिकलाई थप सन्तुष्ट तुल्याउदै जाने छ ।

आगामी आर्थिक बर्समा यस अस्पताललाई थप ब्यबस्थित बनाऊने प्रयासका साथै बिसेसग्य सेवा र विसेसत जटिल सुत्केरी ब्यबस्थापनमा आत्मनिर्भर हुनका लागि जनरल फिजिसियन र अरु आवश्यक जनसक्ति को दरबन्दी राख्नुपर्ने भएकाले यसका पहलका लागि लगिर्परेका छौ |साथै औजार उपकरणको ब्यबस्थापन् पनि संगसंगै गर्नुपर्ने भएकाले अबका दिनमा मनांग अस्पतालमै सुत्केरी ब्यबस्थापन र सामान्य आपरेसन गर्ने ब्यबस्थापन मिलौना सक्नु नै यस बर्सको चुनौती र अवसर रहेको छ |आगामी आर्थिक बर्समा अस्पतालमा नभएको Ambulance सेवा पनि सुरु गर्नका लागि आवस्यक पहल गरेका छौ र व्यवस्था हुने आशा लिएका

# प्रतिवेदनको सूचि


१. पृष्ठभुमि ........................................................................... १

२. स्थिति विश्लेषणको उद्‌देश्य ............................................................ १

३. स्थिति प्रतिवेदन निर्माण प्रक्रिया ....................................................... १

५. दरबन्दी चार्ट (Organogram): ........................................................ २

६. नागरिक वडापत्र ................................................................. ३

७. अस्पतालको जनशक्ति विवरण (Human Resoures) ................................ ४,५

८. हाल अस्पातालको सेवा भवन र जमिन ............................................... ६

९. अस्पतालमा उपलब्ध मेसिन तथा उपकरणहरु ...................................... ६,७

१०. कुल बजेट तथा खर्च विवरण ........................................................ ७

११. अस्पताल शैया.................................................................... ८

१२. अस्पतालमा उपलब्ध सेवाहरु ........................................................ ८

१३. अस्पतालको सुचकाङ्क (Status of major indicator): ................................ ९,११

१४. Top Ten Morbidity (२०८१ /०८२ ) .............................................. १२

१५. प्रमुख उपलब्धी ................................................................... १३

१६. समस्या तथा चुनौतीहरु ............................................................ १३

१७. समस्या र चुनौती सामना गर्न गरिएका प्रयासहरु .......................................... १३

१८. सिकेका पाठहरु .................................................................... १४

१९. आगामी कार्य योजनाहरु ........................................................... १४

२०. निष्कर्ष ........................................................................... १४

२१. आ.ब. ०८१/०८२मा अस्पतालका स्बिरहरु ............ ...................................१५

# वार्षिक स्थिति प्रतिवेदन

# ( Annual Status Report )

**१. पृष्ठभुमि**

२७२० मिटरको उचाईमा रहेको यो मनाङ जिल्ला अस्पताल यस जिल्ला भरिको प्रेषण केन्द्र हो । वि.स. २०४६ सालमा पूर्व बडा महारानी श्री एश्वर्य राज्य लक्ष्मी देवी शाह द्धारा उदघाटन भई नियमित सेवा प्रवाह गरिरहेको छ । थोरोङ पास, काङ्ला पास तथा तिलिचो ताल पद मार्गको फेदीमा रहेको हुनाले वर्षनी लेक लागेका विरामीहरुको नियमित उपचार गरिन्छ । धेरै उचाईमा रहेको हुदाँ भविष्यमा High Altitude सँग सम्बन्धित अनुसन्धान केन्द्रको रुपमा विकास गर्न सकिने सम्भाव्यता छ ।


**२.स्थिति विश्लेषणको उद्देश्य**

हरेक वर्ष सरकारले स्वास्थ्य संस्थामा महत्वपूर्ण लगानी गर्ने गर्दछ । तर, सो लगानीले अपेक्षित परिणाम दिन सक्यो वा सकेन भन्ने मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । यससँगै स्वास्थ्य संस्थाको वास्तविक स्थिति – जनशक्ति, आवश्यक बजेट, औजार तथा उपकरणहरूको उपलब्धता र व्यवस्थापनको अवस्था – के छ भन्ने स्पष्ट रुपमा बुझिनु पर्छ ।यस्तो वस्तुगत जानकारीका आधारमा समयमै कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ । यसैले स्वास्थ्य संस्थाको वास्तविक अवस्था पहिचान गर्नु, विद्यमान समस्या समयमै चिन्नु र तिनको समाधानका लागि व्यवहारिक कार्ययोजना बनाएर कार्यान्वयन गर्दै अघि बढ्नु नै स्थिति विश्लेषणको मुख्य उद्देश्य हो ।

**३.स्थिति प्रतिवेदन निर्माण प्रक्रिया**

अस्पतालका विभिन्न शाखा प्रमुखहरूको सक्रिय सहभागितामा आ.व. २०८१/०८२मा सम्पन्न कार्यहरूको संकलन, उदाहरणीय उत्कृष्ट अभ्यासहरूको संकलन, प्रदान गरिएका सेवासम्बन्धी तथ्याङ्क, सेवाको सञ्चालनमा देखिएका चुनौती तथा तिनका समाधानका उपायहरूबारे व्यापक छलफल गरी यस वार्षिक स्थिति प्रतिवेदन तयार गरिएको हो ।

## ४ . दरबन्दी चार्ट  (Oraganogram):  (जम्मा दरबन्दी संख्या : १८ )



# ५ . नागरिक वडापत्र

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## मनाङ अस्पताल

मनाङ जिल्ला

## नागरिक वडापत्र

| सि.न. | उपलब्ध सेवा विवरण | प्रक्रिया | लाग्ने दस्तुर | सेवाग्राहीको दायित्व | सम्पर्क कोठा | लाग्ने समय | निर्णय दिने अधिकारी | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | नाम दर्ता OPD ( १०-५) | लाइन उभिएर टिकट काट्ने | रु.२०/- | पालोमा बस्ने | दर्ता शाखा | ५-१० मि. | अधिकृत | मे.सु. |
| २ | बिरामी जाँच- OPD ( १०-१, १.३०-५) आईतबारदेखी शुक्रबारसम्म | आफ्नो पालोमा OPD मा जाने | रु.२०/- | पूर्जि पेश गर्ने | ओ.पि.डी. | ३०-६० मि. | चिकित्सक/स्वास्थ्यकर्मी | मे.सु. |
| ३ | Emergency बिरामी जाँच (२४ सै घण्टा) | ईमरजेन्सी कक्षमा जाने | रु.१००/- | पूर्जि बनाउने | इमरजेन्सी कक्ष | तुरुन्तै | अ.हे.व./मे.अ. | मे.सु. |
| ४ | Billing (२४. सै घण्टा) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | सेवा अनुसार | खुद्रा पैसा बुझाउने | Billing कोठा नं. | १५-३० मि. | अधिकृत | मे.सु. |
| ५ | Lab services- OPD (10-5) | मे.अ./अ.हे.व.को सल्लाह पूर्जी पेश गर्ने | अ.व्या.स. को निर्णय अनुसार | बिल काटेर पेश गर्ने | ल्याब कोठा नं. | परिक्षण अनुसार १-३ घण्टा | ल्या.टे./ ल्या.अ. | मे.सु. |
| ६ | Lab services Emergency (24 सै. घण्टा) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | अ.व्या.स. को निर्णय अनुसार | बिल काटेर पेश गर्ने | ल्याब कोठा नं. | परिक्षण अनुसार १-३ घण्टा | अ.हे.व./मे.अ. | मे.सु. |
| ७ | निःशुल्क औषधी (२४ सै घण्टा) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | निःशुल्क नेपाल सरकारले तोकेका औषधीको हकमा मात्र | पालो कुर्ने | फार्मेसी कक्ष | १५-३० मि. | फा.स./अ.हे.व./नर्स | मे.सु. |
| ८ | X-ray | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.३००/- | बिल काट्ने | X-Ray कोठा | ३०-६० मि. | रेडियोग्राफर/डा.रु.अ. | मे.सु. |
| ९ | ड्रेसिङ | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.५०/- | पालो कुर्ने | ड्रेसिङ कोठा नं. | ३०-६० मि. | स्वास्थ्यकर्मी/मे.अ. | मे.सु. |
| १० | Incision/Drainage | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.१००/- | बिल काट्ने | स्वास्थ्यकर्मी कोठा नं. | ३०-६० मि. | स्वास्थ्यकर्मी/मे.अ. | मे.सु. |
| ११ | Foreign body removal | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.१००/- | बिल काट्ने | स्वास्थ्यकर्मी कोठा नं. | ३०-६० मि. | स्वास्थ्यकर्मी/मे.अ. | |
| १२ | Plaster (Cast) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.२००/- | बिल काट्ने | कोठा नं. | ३०-६० मि. | स्वास्थ्यकर्मी/मे.अ. | मे.सु. |
| १३ | Slab | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.१५०/- | बिल काट्ने | कोठा नं. | ३०-६० मि. | स्वास्थ्यकर्मी/मे.अ. | मे.सु. |
| १४ | ECG (२४ सै घण्टा) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.२००/- | बिल काट्ने र पूजी पेश गर्ने | स्वास्थ्यकर्मी कोठा नं. | ३०-६० मि. | मे.अ. | मे.सु. |
| १५ | Nebulization | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.५०/- | बिल काट्ने र पूजी पेश गर्ने | स्वास्थ्यकर्मी कोठा नं. | १५-३० मि. | स्वास्थ्यकर्मी | मे.सु. |
| १६ | Oxygen (प्रति दिन) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.२५०/- | बिल काट्ने र पूजी पेश गर्ने | स्वास्थ्यकर्मी कोठा नं. | १५-३० मि. | स्वास्थ्कर्मी | मे.सु. |
| १७ | USG(ABD-PELVIS/OBS-SCAN, screeing | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | रु.३५०/- | पालो कुर्ने | USG कोठा नं. | ३०-६० मि. | मे.अ. | मे.सु. |
| १८ | Medical Abortion सुरक्षित गर्भपतन सेवा MA,PAC,CAC | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | निःशुल्क | पूर्जी पेश गर्ने | ANC कोठा नं. | ३०-६० मि. | मे.अ. | मे.सु. |
| १९ | Police case (घाउ जाँच) | प्रहरीद्वारा केश फारमसहित लिएर आउने | रु.२००/- | पूर्जी पेश गर्ने | इमरजेन्सी कक्ष | १-२ घण्टा | ल्या.टे./ ल्या.अ. | मे.सु. |
| २० | Medicolegal cases शव परिक्षण/यौन हिंसा | प्रहरीद्वारा केश फारमसहित लिएर आउने | निःशुल्क | जि.प्र.का.बाट मुचुल्का अनरोध फारम लिइ पेश गर्ने | मे.अ. | ३० मि. २ घण्टा | मे.अ. | मे.सु. |
| २१ | निरोगिता/स्वास्थ्य प्रमाणपत्र | परामर्श गर्ने | रु.५००/- | आवश्यक कागजात पेश गर्ने | मे.अ. | ३०-६० मि. | मे.अ. | मे.सु. |
| २२ | गर्भवती जाँच (ANC) 1visit | नाम दर्ता गर्ने र पालो कुर्ने | निःशुल्क | पूर्जी पेश गर्ने | ANC कोठा नं. | ३०-६० मि. | मे.अ. | मे.सु. |
| २३ | ANC-Lab checkup (1visit) | स्वास्थ्यकर्मीको सल्लाहमा पूर्जी पेश गर्ने | निःशुल्क | पूर्जी पेश गर्ने | ल्याब कोठा नं. | १-२ घण्टा | ल्या.टे./ ल्या.अ. | मे.सु. |
| २४ | खोप सेवा (प्रत्येक महिनाको ४ गते) | खोप पूर्जी लिई तोकिएको दिनमा आउने | निःशुल्क | पालो कुर्ने | MCH Room no. | ३०-६० मि. | मे.अ./खोप अधिकृत | स्वा.का.प्र. |
| २५ | परिवार नियोजन सेवा(स्थायी, अस्थायी) | स्वास्थ्यकर्मीको सल्लाह लिने | निःशुल्क | पालो कुर्ने | MCH Room no. | ३०-६० मि. | तालिम प्राप्त स्वास्थ्यकर्मी | मे.सु. |
| २६ | क्षयरोग/कुष्ठरोग सेवा/HIV-Aids | OPD मा जँचाउने, पुरानो पूर्जी पेश गर्ने | निःशुल्क | पालो कुर्ने | Pharmacy कोठा | ३०-६० मि. | मे.अ. | मे.सु. |
| २७ | बिरमी भर्ने सेवा | चिकित्सकको सल्लाह अनुसार | निःशुल्क | पूर्जी पेश गर्ने | Indoor कोठा नं. | १५-३० मि. | अ.न.मी./नर्स | मे.सु. |
| २८ | प्रसुति सेवा (Normal Delivery/Basic Emergency Obstetric Care) | नाम दर्ता गरी प्रसुती कक्षमा सम्पर्क गर्ने | निःशुल्क | पुरानो पुर्जीमा पेश गर्ने | Indoor कोठा नं. | अवस्था अनुसार | मे.अ. | मे.सु. |
| २९ | OCMC | नाम दर्ता गरी OCMC कक्षमा सम्पर्क गर्ने | निःशुल्क | आवश्यक विवरण दिनु पर्ने | OCMC कक्ष | आवश्यक हेरी १ देखी ७ दिनसम्म | OCMC समेत सम्पर्क व्यक्ति स्टाफ | मे.सु. |

**२४ सै घण्टा इमर्जेन्सी सेवा उपलब्ध छ ।**

## ७) अस्पतालको जनशक्त विवरण (Human Resources): **स्थायी जनशक्ति**

| क्र.स . | पद | तह | स्वीकृत संख्या | पदपूर्ति | रिक्त संख्या | नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1. १ | मेडिकल सुपरिटेण्डेन्ट | ९/१० | १ | १ | 0 | डा सुप्रिया पौड्याल | |
| 2. २ | मेडिकल अधिकृत | ८ | १ | १ | 0 | डा दिवाकर कोइराला | |
| 3. ३ | जा स्वा नि | ६ | | १ | | रहमत अन्सारी | फाजिल |
| 4. ४ | स्टाफ नर्स | ५,६,७ | २ | १ | १ | पुस्पा रावत | |
| 5. ४ | ल्याब. टे. (५,६,७ )-१ | ५,६,७ | १ | १ | 0 | सबिना ओझा | |
| 6. ५ | डार्क रुम असिस्टेन्ट | ४,५,६ | १ | १ | 0 | शिशिर कुमार आचार्य | |
| 7. ६ | अ. हे .ब | ४,५,६ | ३ | ३ | 0 | अबिन्द्र रजक<br>सुनिल बि.क<br>केशब पासवान | |
| 8. ७ | अ.न.मि | ४,५,६ | २ | १ | १ | यसोदा बिस्वकर्मा | |
| 9. ८ | ना.सु | ५,६ | १ | 0 | १ | - | |
| 10. ९ | कार्यालय सहयोगी | | ६ | 0 | ६ | - | **करार मा कार्यरत रहेको** |
| | जम्मा | | १८ | १० | | | |

## छात्रवृति करार :

| क्र.स . | पद | तह | कार्यरत संख्या | नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | २ | डा सन्जिब बास्तोला<br>डा. प्रतिक बराल | |

**<u>सेवा करार अन्तर्गत (२०८१ /०८२ ):</u>**

| क्र.स | पद | तह | स्वीकृत संख्या | पदपूर्ति | रिक्त संख्या | नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अफिसर | ८ | १ | १ | 0 | डा सन्तोस सुबेदी | |
| २ | मेडिकल रेकर्डर | ५ | १ | 0 | १ | - | |
| ३ | स्टाफ नर्स | ५ | ३ | २ | १ | प्रमिला वि.क .<br>पुर्णिमा कुँवर | |
| ४ | हेल्थ असिस्टेन्ट | ५ | १ | १ | 0 | रसु थापा | |
| ५ | ल्याब टेक्निसियन | ५ | १ | १ | | विद्यासागर बराल | |
| ६ | रेडियोग्राफर | ५ | १ | १ | 0 | लाक्ज्पा साम्देन घले | |
| ७ | फार्मेसी सहायक | ५ | १ | १ | 0 | सबिना पाठक | |
| | जम्मा | | ९ | ७ | २ | | |

**<u>करार सेवा अन्तर्गत :</u>**

| क्र.स | पद | तह | स्वीकृत संख्या | पदपूर्ति | रिक्त संख्या | नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | - | ६ | ६ | 0 | विवेक वराम<br>कुमारी गुरुङ<br>नानुमाया गुरुङ<br>सन्तमाया गुरुङ<br>मनकुमारी गुरुङ<br>आशिष तामाङ<br>सिता बिक | |
| २ | हलुका सवारी चालक | - | १ | १ | 0 | रेशम गुरुङ | |

## ८. हाल अस्पतालको सेवा भवन र जमिन

- अस्पतालको आफ्नै जग्गा ४३.१०.०३ रोपनीमा फैलिएको छ ।
- अस्पतालको २ तले नवनिर्मित अन्तरङ्ग, बहिरङ्ग र ईमर्जेन्सि सेवा भवन छ ।
- अस्पतालको १ तले छुटै पोष्टमार्टम भवन छ ।
- १ तले सानो चिकित्सक आवास गृह छ ।
- अस्पतालका स्वास्थ्यकर्मीका लागि आवास गृहको सिमित व्यवस्था भएको ।

## ९. अस्पतालमा उपलब्ध मेसिन तथा उपकरणहरुः

**Laboratory मा**

- Biochemistry semi-auto analyzer
- Haematology analyzer
- Cell counter machine
- Binocular microscope
- Sodium /Potassium Analyzer (non functional)

**Radiology मा**

- 300 mA X-ray machine (non functional)
- 100mA portable X-Ray machine
- CR machine
- USG machine

**Emergency मा**

- ECG Machine
- Suction Machine
- Nebulizer Machine
- Cardiac Monitor
- Oxygen Concentrator

## आ व २०८१/८२ को आर्थिक विवरण अस्पताल ब्यबस्थापन समिति तर्फको बजेट

| बजेट उपशीर्षक | खुद बजेट (हजारमा) | | | खर्च प्रतिशत (वित्तीय) | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| प्रदेश श्रोत तर्फ | 36393 | 35400 | 71793 | 59.31 | 93.08 | 76.19 |
| संघ सशर्त अनुदान | 7961 | 00 | 7961 | 27.23 | 00 | 27.23 |
| विशेष अनुदान | 00 | 00 | 00 | 00 | 00 | 00 |
| कुल जम्मा | 44354 | 35400 | 79754 | 43.27 | 93.08 | 68.17 |

## विवरण

| आ.व. 2081/82 को आम्दानी विवरण | | |
|---|---|---|
| **क्र.स.** | **बजेट आम्दानीको शिर्षक** | **रकम** |
| १. | फार्मेसी | रु. 3,79,451 |

| | | |
|---|---|---|
| २. | ल्याब | रु. 4,80120 |
| 3. | टिकेट काउन्टर/एक्स-रे | रु. 341275 |
| 5. | मातृशिशु कार्यक्रम | रु. 4,480 |
| 6. | लक्षीत समुहलाई सेवा दिए बापत | रु. 25,000 |
| | कुल जम्मा | रु. 1,23,0326 |
| **आ.व. 2081/82 को खर्च विवरण** | | |
| **क्र.स.** | **बजेट खर्चको शिर्षक** | **रकम** |
| 1 | एक्स-रे फिल्म खरिद | रु. 35550 |
| 2 | ल्याबको सामान खरिद | रु. 195340 |
| | जम्मा | रु. 230890 |
| | आ.व. 2080/81 को मौजदात रकम | रु. 984773 |
| **आ.व. 2081/82 असार मसान्त सम्म  मौजदात रकम रु. 1880723.96** | | |

## ११. अस्पताल शैयाः

| Description | Total |
|---|---|
| Sanctioned Beds (Government) | 15 |
| Sanctioned Beds (Development committee) | 0 |
| Total operational Beds | 11 |
| Emergency beds | 6 |
| Total Inpatient beds | 3 |
| Maternity beds | 1 |
| ICU beds | 0 |
| NICU beds | 0 |
| Geriatric beds | 0 |
| NICU/SNCU beds | 1 |

## १२. अस्पतालमा उपलब्ध सेवाहरु :

1. General OPD
2. Emergency service
3. Observation in emergency
4. Indoor

- General medicine case
- Maternity

5. Investigation/ Diagnostic services
    - X-ray
    - USG
    - ECG
    - Laboratory services
6. Pharmacy
    - Services are provided through both paid and free pharmacy.
7. Safe abortion services
8. Public health programs: Immunization, family planning, CBIMNCI, ANC, Breast care and counselling, TB, PMTCT
9. OCMC service.



## १३. अस्पतालको सुचकाङ्क (Status of major indicator):

| **Indicators** | **2079/80** | **2080/081** | 2081/82 |
|---|---|---|---|
| % of Monthly Report Entered | 100 | 100 | 100 |
| % of Monthly Report Entered within time | 58 | 91.7 | 100 |
| Bed occupancy rate | 18.8 | 5.7 | 37.22 |
| Average length of stay | 1.8 | 1.1 | 1.37 |
| Throughput | 2.4 | 0.57 | 5.33 |
| Hospital Bed turnover rate | 3.2 | 1.53 | 8.17 |

| **Indicators** | 2079/80 | 2080/081 | 2081/82 |
|---|---|---|---|
| Outpatient Sex Ratio (M:F) | 1.3 | 1.85 | 1.93 |
| Inpatient sex Ratio (M:F) | 1.59 | 1.15 | 1.27 |
| Deaths within 48 hours of Admission | 0 | 1 | 0 |

| | | | |
|---|---|---|---|
| Deaths after 48 hours of Admission | 0 | 0 | 1 |
| Average number of radiographic images per day | 0.04 | 0.44 | 1.12 |
| Average number of laboratory tests per day | 1.60 | 1.59 | 3.13 |



**Safe abortion:**

| Indicators | 2079/80 | 2080/081 | 2081/82 |
|---|---|---|---|
| No of CAC (Surgical Abortion) | 0 | 0 | 0 |
| No of CAC (Medical Abortion) | 3 | 8 | 10 |
| Proportion of <20 yrs women receiving abortion service | 0 | 0 | 1 |
| No of abortion complication | 0 | 0 | 0 |
| Proportion of Long-term contraception among post abortion contraception used | 1 | 2 | 3 |
| No of PAC | 2 | 0 | 0 |

**Hospital Based One Stop Crisis Management Center (OCMC)**

| Type of Crime | Total number of cases (New) | | |
|---|---|---|---|
| | 2079/80 | 2080/081 | 2081/82 |

| | | | |
|---|---|---|---|
| Sexual Assault | 0 | 2 | 2 |
| Physical Assault | 1 | 5 | 4 |
| Domestic Violence | 0 | 0 | 0 |
| Other | 0 | 0 | 6 |
| Total | 1 | 7 | 6 |

**Inpatients Admitted in FY 2081/82**

| Admitted Number | | |
|---|---|---|
| Female | Male | Total |
| 28 | 24 | 52 |



**Emergency care in FY 2081/082:**

| Age Group | Number | | | % | | |
|---|---|---|---|---|---|---|
| | Female | Male | Total | Female | Male | Total |
| Up to 14 Yrs | 33 | 45 | 78 | 5.82 | 7.93 | 13.75 |
| 15 to 19 Yrs | 27 | 22 | 49 | 4.76 | 3.88 | 8.64 |
| 20-59 Yrs | 135 | 264 | 399 | 23.80 | 46.56 | 70.37 |
| 60+Yrs | 18 | 23 | 41 | 3.17 | 4.05 | 7.23 |
| Total | 213 | 354 | 567 | 37.55 | 62.42 | 99.97 |

**Hospital Deaths FY 2081/082**

| S.N. | Causes of Morbidity 2078/79* | Number |
|---|---|---|
| 1 | Number of Maternal Death at Hospital | 0 |

| | | |
|---|---|---|
| 2 | Number of Neonatal Death at Hospital | 0 |
| 3 | Number of Perinatal Deaths in hospital | 0 |
| 4 | Number of still births | 0 |
| 5 | Number of early neonatal deaths | 0 |
| 6 | Number of hospital maternal deaths reviewed | 0 |
| 7 | Number of hospital perinatal deaths reviewed | 0 |



## 14. Top ten Morbidity (2081/082)

| Rank | Causes of Morbidity 2079/80 | % Among Total OPD Visit | Rank in 2080/081 |
|---|---|---|---|
| 1 | Outpatient Morbidity-Other Infected Diseases-Respiratory Tract Infection (URTI) Cases | 13.55 | 1 |
| 2 | OPD-Morbidity- orthopedic problems-backache | 11.71 | 2 |
| 3 | General Check Up | 11.39 | 3 |
| 4 | OPD morbidity- gastritis( APD) | 10.27 | 4 |
| 5 | OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension | 9.95 | 5 |
| 6 | Routine Check Up<br>Lower Respiratory Tract Infection | 6.26 | 6 |

| | | | |
|---|---|---|---|
| 7 | Outpatient Morbidity-Skin Diseases-Dermatitis/Eczema Cases | 5.79 | 7 |
| 8 | Pharyngitis | 3.16 | 8 |
| 9 | Lower respiratory tract infection | 2.51 | 9 |
| 10 | Headache | 1.93 | 10 |
| Total patients | | 3415 | |



**१५. प्रमुख उपलब्धी**

- अस्पतालमा Internal Medicine का बिशेषज्ञ डाक्टरको सेवा थपिएको।
- अस्पताल सेवा नयाँ भवनबाट संचालनमा ल्याइएको ।
- ल्याबमा Vit D, TFT, $HbA_1C$ Test गर्न शुरु गरिएको ।
- स्वास्थ्य बीमा सेवा संचालनको शुरुवात गरिएको ।
- EMR प्रणालीलाई व्यवस्थित बनाइएको ।
- अस्पतालका सबै बिभागलाई थप व्यवस्थित गरिएको ।
- आवश्यक औषधीहरु निशुल्क रुपमा उपलब्ध गराईएको ।
- गर्भ परिक्षण तथा USG सेवा दैनिक रुपमा उपलब्ध गराईएको ।
- Autopsy/Medico-legal services उपलब्ध गराईएको ।
- २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध गराइएको ।
- सुरक्षित गर्भपतन सेवा निरन्तरता।

**१६. समस्या तथा चुनौतीहरु ।**

- विधुतीय लाइनमा अत्यधिक fluctuation हुदाँ बिसेसत प्रयोगशाला तथा रेडियोग्राफी डिपार्टमेन्टमा समस्या|

- **जटिल सुत्केरी ब्यबस्थापन गर्ने दक्ष्य जनशक्ति र औजार उपकरण नभएकाले आमासुरछ्या कार्यक्रममा समस्या |**
- भौगोलिक जटिलता तथा बाढिपहिरोको प्रकोपले गर्दा औषधी तथा अन्य अत्यावश्यक सामानको ढुवानीमा समस्या |
- Biomedical प्राबिधिकको अभावका कारण अस्पतालको औजार उपकरण संचालान्मा समस्या |
- तालिम प्राप्त जनशक्तिको कमी |
- स्वास्थ्यकर्मीको लागि आवास भवनको कमी |
- विषेशज्ञ सेवा संचालन तथा निरन्तरता |
-

**१७ . समस्या र चुनौती सामना गर्न गरिएका प्रयासहरु**

- सोलार ब्याकअपको व्यवस्था गरिएको
- स्वास्थ्य मन्त्रालय , गण्डकी प्रदेशको समन्वयमा रिक्त दरबन्दीमा पदपूर्ति गरिएको ।
- स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिएको ।

**१८. सिकेका पाठहरु**

- उपलब्ध श्रोत साधनहरुलाई समतामुलक हिसाबले कसरी प्रयोग गर्ने भन्ने सिकियो ।
- अस्पताल व्यावस्थापन समिति, स्थानीय जनप्रतिनिधि र समाजसेवीहरु सँगको समन्वयले यस अस्पतालको सेवा प्रवाहमा गुणस्तरीयता प्रदान गर्न सकिन्छ भन्ने सिकियो ।

**१९. आगामी कार्य योजनाहरु**

- जटिल सुत्केरी ब्यबस्थापनका लागि उपकरण ,जनशक्ति, बजेटको सुनिस्चितता गर्ने |
- अस्पतालमा ambulance को ब्यबस्थापन गर्ने |
- अस्पतालको कम्पाउण्ड बार्ने |

**२०. निष्कर्ष**

अस्पताल सुधारको अवस्थामा छ।औजार उपकरण र जनशक्ति अभाव भएतापनि यस अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरियतामा कुनै कमि आएको छैन साथै नया भवनबाट सेवा सुरुवात पनि गरिएको अवस्थामा भबिस्यमा अस्पतालका सेवाहरु अझै प्रभावकारी

बन्दै जाने विश्वास गर्न सकिन्छ। अस्पतालको आन्तरिक व्यवस्थापन पनि प्रभावकारी हुदै गएको देख्न सकिन्छ । यस दुर्गम भूगोल र मौसमी चुनौतिका बावजुद अस्पताल ब्यबस्थापनमा सक्दो प्रयास गर्दै बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्नमा अस्पताल परिवार प्रतिबद्ध छ |



**<u>आ.ब.२०८१/८२ मा अस्पतालका केहि तस्बिरहरु</u>**




अस्पतालको नयाँ भवनमा संचालित इमेर्जेन्सी कक्ष




मानानिय स्वास्थ्य मन्त्रीसँग अस्पताल परिवार




अस्पताल ल्याब शाखा

अस्पताल फार्मेसी शाखा


प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रदेश अस्पताल**

चामे, मनाङ

गण्डकी प्रदेश, नेपाल

<u>सम्पर्क</u>

प्रदेश अस्पताल, चामे -०४

फो नं. ०६६-४४०१९७

मोबाइल नं : ९८५६०४९११९

Email Id: manang.dh@gmail.com